प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं ५
वुटवल रुपन्देहि

गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) कार्यक्रम सञ्चालन प्रयोजनार्थ व्यवशाय विकास सेवा प्रदायक संस्थाहरुको लागि प्राविधिक र आर्थिक प्रस्तावको कार्यक्षेत्रगत शर्त **(ToR)**

**१. व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमी :**

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP)को आर्थिक तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागु भएको लघु उद्यम विकास कार्यक्रमलाई आ.व. ०६६/०६७ देखी नेपाल सरकारले आन्तरिकीरण गरी **गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम** (MEDPA) को रुपमा क्रमशः विस्तार गर्दै ७७ जिल्लाका ७५३ वटै स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) मा यस आ.व. देखि सञ्चालनमा छ । यस आ.व.मा यस प्रदेश अन्तर्गतका १२ वटै जिल्लाका १०९ स्थानीय तहहरुमा स्विकृत लक्ष्य, कार्यक्रम र वजेटको आधारमा यो कार्यक्रम संचालन हुनेछ । यस कार्यक्रमको लागि आशय पत्र पेश गर्ने संस्थाहरु मध्ये आशय पत्र मूल्याङ्कनबाट छनौट भएका सस्थाहरुमध्येबाट पाँच वटा सम्म स्थानीय तह भएको प्रत्येक जिल्लामा १ वटा र सो भन्दा बढि स्थानीय तह भएका प्रत्येक जिल्लाको हकमा २ वटा योग्य व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्न यो कार्य क्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

चालु आ.व.२०७५/७६ मा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सन्चालनका प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका जिल्ला घरेलु तथा साना उद्योग कार्यालय / विकास समितिले प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरु मध्येवाट योग्यताक्रमका आधारमा सर्बोत्कृष्ट संस्थाहरु छनौट गरी सो संस्थासंग कार्यक्रम सन्चालनको लागि सम्झौता गरिने छ ।

नोट :

(१) ५ वटा सम्म स्थानीय तह भएको जिल्लाको हकमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरु मध्येवाट योग्यताक्रमका आधारमा सर्बोत्कृष्ट एउटा संस्था छनौट गरी सो संस्थासंग कार्यक्रम सन्चालनको लागि सम्झौता गरिने छ ।

(२) छ वा सो भन्दा बढि स्थानीय तहहरु भएका जिल्लाको हकमा देहाय बमोजिम हुने गरी सम्झौता गरिनेछ ।

२.१ आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्दा समग्र जिल्लाको लागि लक्ष्य तथा बजेट अनुसारको हुने गरी माग गरिनेछ ।

२.२ व्यवसाय विकास सेवा प्रदायक संस्थाले जिल्लाको लागि प्राप्त लक्ष्य तथा बजेटको आधारमा आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

२.३ प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावहरु मध्येवाट योग्यताक्रमको आधारमा क्रमशः पहिलो र दोस्रो प्राथमिकता भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनौट गरिनेछ ।

२.४ जिल्ला उद्यम विकास समितिले जिल्लाको कुल लक्ष्य, वजेट तथा कार्यक्रमलाई दुइ क्लष्टरमा विभाजन गरी क्रमश पहिलो र दोस्रो प्राथमिकतामा परेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुसंग सम्झौता गर्नेछ । क्लष्टर अन्तर्गतको कार्यक्रमको बजेट तथा लागत सम्बन्धित व्यवसाय विकास सेवा प्रदायक संस्थाले आर्थिक प्रस्तावमा उल्लेख गरेको दरभाउ बमोजिम हुनेछ ।

२.५ आर्थिक तथा प्राविधिक प्रस्ताव दुवै क्लष्टरको लागि भएता पनि सम्झौता कुनै एक क्लष्टरको लागि मात्र गरिनेछ र सोही बमोजिमको लक्ष्य, बजेट तथा कार्यक्रम हुनेछ

## २. गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) को उद्देश्य :

अति विपन्न वर्ग, गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिबासी जनजाती, मधेशी वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेको जनसमुदायलाई उद्यमशीलताको माध्यमबाट उद्यमी सिर्जना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गर्दै उनीहरुको आय स्तरमा सुधार गरी गरिवी निवारणमा सहयोग पुऱ्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

## ३. कार्यक्रम लागू हुने क्षेत्र तथा लक्ष्य:

प्रदेश अन्तरगत निम्न.जिल्लाहरुका सवै स्थानीय तहहरुमा कार्यक्रमको कार्यक्षेत्र निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएका जिल्लाका लागि प्रदेशस्तरबाट तोकिएको लक्ष्यका अतिरिक्त सम्बन्धित स्थानीय तहको उद्यम विकास क्षेत्रमा तोकेको लक्ष्य समेत समावेस हुने छ ।

लक्ष्य :

| क.स | जिल्ला | मेडपा ( प्रदेश तह ) | | • स्थानीय तह | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | नया उद्यमी सिर्जना | स्तरोन्नती | नया उद्यमी सिर्जना | स्तरोन्नती | नया उद्यमी सिर्जना | स्तरोन्नती |
| १ | नवलपरासी सुस्ता पश्चिम | ५४६ | ३३९ | | | ५४६ | ३३९ |
| २ | रुपन्देहि | ३४१ | १६० | | | ३४१ | १६० |
| ३ | पाल्पा | ३४२ | १६० | | | ३४२ | १६० |
| ४ | गुल्मी | २९१ | १६० | | | २९१ | १६० |
| ५ | अर्घाखाँची | २९१ | १६० | | | २९१ | १६० |
| ६ | कपिलवस्तु | ३९८ | २०० | | | ३९८ | २०० |
| ७ | प्यूठान | ३७६ | २०० | | | ३७६ | २०० |
| ८ | रोल्पा | ३७६ | २०३ | | | ३७६ | २०३ |
| ९ | रुकुम पूर्व | २०० | १०९ | | | २०० | १०९ |
| १० | दा□ | ३७६ | २०० | | | ३७६ | २०० |
| ११ | बाँके | ३७६ | २०० | | | ३७६ | २०० |
| १२ | बर्दिया | ३७६ | २०० | | | ३७६ | २०० |

अधिकतम बजेट सिमा

- ➢ नयाँ लघु उद्यमी सिर्जना प्रति उद्यमी रु २५०००।
- ➢ स्तरोन्नती प्रति उद्यमी रु १००००।
- • प्रविधि हस्तान्तरण (समूह मार्फत) रु

** स्थानीय तहको लक्ष्य संख्या सम्वन्धित जिल्लाबाट प्राप्त गर्न सकिने छ।

## ४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु :

### ४.१ नयाँ उद्यमी सिर्जना तर्फ :

नयाँ उद्यमी सिर्जना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमवाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमी गणना गर्दा उद्यम शुरुवात गरेको अवस्थालाई जनाउने छ । लक्षित नयाँ उद्यमी सिर्जना गर्दा कूल उद्यमीमध्ये लैङ्गिकको आधारमा महिला ७०%, जातियताको आधारमा कूल

उद्यमीमध्ये दलित ३०%,आदिवासी जनजाति ४०%, उमेरको आधारमा युवा (१६–४० बर्ष) ६०% तथा जिल्लाको समग्र लक्षको ४० प्रतिशत मधेशी (मधेशी बसोबास भएका जिल्लामा) हुनुपर्ने छ ।

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन :**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएका गाउँपालिका/नगरपालिकाहरुको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरण :**

छनौट भएका गाउँपालिका/नगरपालिका/उप नगरपालिकाको प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखीकरण गर्ने तथा बजार, स्रोत सम्भाव्यता र लक्षित वर्गबारे सुनिश्चित गर्ने र उक्त भेला/गोष्ठिले सिफारिस गरेको वस्ती वा टोललाई संभावित कार्य क्षेत्र मानी प्रकृया अगाडी बढाउने ।

(ग) **उद्यम विकास समिति गठन :**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० को दफा ३१ बमोजिम उद्यम विकास समिति गठन गर्न सहजीकरण गर्नु पर्नेछ ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखा :**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्वन्धित गाउँपालिका/नगरपालिका/उप महानगरपालिका लागि निर्धारित गरेका वडाहरु र समुदायमा सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Appraisal - PRA) गर्ने । सम्बन्धित स्थानीय तहमा गरिएको अभिमुखीकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा/वस्ती स्थानमा बसोबास गरेको गरिब मध्येबाट तोकिएको संख्यामा कम्तीमा २०-२५ जना सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत ,बजार र सीपको संभाव्यता पहिचान गर्नुपर्ने छ ।

(ङ) **सर्भेक्षण प्रकृया :**

PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिव र अति गरिब परिवारको फाराम A भर्ने र उक्त परिवार गरिबीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्षभित्रका बेरोजगार सदस्यको फाराम B भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यबसाय गरिरहेको वा व्यबसाय गरेर बन्द भएको पाइएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा संभावित उद्यमीहरु छनौट गर्ने । सर्भेक्षणको लागि आवश्यक फाराम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० मा भएका र कार्यालयले उपलव्ध गराएको नमूना अनुसारका फारामहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्येक्ष संलग्नतामा भरी निर्दिष्ट स्थानमा सही छाप गराई फारामहरुको विश्लेषणगरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी Soft Copy र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी शाखामा पेश गर्नुपर्ने छ ।

(च) **गरिबी निवारण र क्षमता अभिवृद्धि :**

फाराम A, B र C को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, गरिबी निवारणको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण ( उत्पादन, विक्रि, ऋण लगानी) सम्बन्धी बिषयमा सुशिक्षित गर्ने ।

(छ) **उद्यमशीलता विकास तालिम :**

सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुलाई अनकूल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार स्थानीय तहहरुमा छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको उद्यमशीलता विकास तालिम (Start & Improve Your Business - SIYB) र एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्ने । यसरी तालिम सन्चालन गर्दा TOPE र TOSE तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्ने छ ।

(ज) **सीप विकास तालिम संचालन :**

उद्यमशीलता विकास तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (९० दिनसम्म), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (४५ दिनसम्म) र बाँकीलाई छोटो अवधि (१५ दिनसम्म) को सीप विकास तालिम प्रदान गर्नु पर्नेछ ।सीप विकास तालिम प्रदान गर्दा तालिमको पाठयक्रम र तालिम प्रशिक्षक नेपाल सरकारवाट मान्यता प्राप्त भएको हुनुपर्ने छ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र स्वीकृत प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला



अधिकृत

उद्यम विकास समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधीभन्दा कम भएमा संचालित कार्यक्रमको अवधीको गणना गरी दामाशाहीको हिसावले रकम भुक्तानी गरिने छ ।

उदाहरण : लामो अवधी भनी संचालन भएको तालिम ९० दिन भन्दा कम समयमा सम्पन्न भएको पाइएमा प्रस्तावित सीप विकास तालिममा उल्लेख गरिएको रकमलाई दामासाहीले हुन आउने रकम भुक्तानी हुनेछ ।

पूनश्च: निर्धारित पाठयक्रममा तोकिएको अबधि भन्दा कम अबधिमा तालिम सम्पन्न भएको पाइएमा उक्त तालिमकोलागि कुनै पनि रकम भुक्तानी गरिने छैन ।

(झ) **लघु कर्जा पहुंचका लागि सहजीकरण :**

लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यत: तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

क) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने,

ख) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूंजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजीकरण गर्ने,

ग) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठि मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई लघु कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

यस प्रकार लघु उद्यमी सिर्जनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द्, स्वलगानी र लघु कर्जा मार्फत उद्यम सञ्चालन गर्नेहरुको विवरण अध्यावधिक राख्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी सिर्जनाको लक्ष्यमध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ ।

(ञ) **व्यवसाय विकास परामर्श तथा बजार विस्तार** :

कार्यक्रम सन्चालन भएका सबै गाउँपालिका/नगरपालिकाको उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) **उपयुक्त प्रबिधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजीकरण** :

तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी कार्यालयसंग समन्वय गरी उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै प्राविधिक सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरु समेत सहभागीहरुलाई नै हस्तान्तरण गरिनेछ

(ठ) **साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने :**

अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक तथा एक उद्यमीले मात्र कुनै मेशिनको क्षमता पूर्णरुपले उपभोग गर्न नसक्ने तर ५ वा ५ भन्दा बढी उद्यमी मिलेर त्यस्तो मेशिनको क्षमता पूर्ण रुपमा उपभोग गर्न सक्ने उद्यमीहरुलाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी मेडपा सन्चालन निर्देशिका, २०७० को अनुसूची ९ अनुरुप साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने ।

ड) **लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबी :**

विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा लक्षित वर्गलाई अभिमुखीकरण गराई सम्बन्धित निकायसंग समन्वय र सहकार्यको लागि सहजीकरण गर्ने र जिल्लास्थित लघु उद्यमीहरुलाई लक्षित वर्ग तथा संस्थासंगको सहकार्यमा स्थानीय तह तथा अन्य कार्यालयहरुसंग बजेट तथा कार्यक्रम विनियोजनको लागि पैरवी/वकालत गर्ने ।

ढ) **तथ्याङ्क विबरण अध्याबधिक गर्ने :-**

व्यबसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी सिर्जनाको लागि गरिएका हरेक कृयाकलापहरुको विवरण अध्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको Web based GESIMIS database system अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी अद्यावधिक गरेको तथ्यांकको एक प्रति रकम भुक्तानी लिनु पूर्व कार्यालयलाई वुझाउनु पर्नेछ । GESIMIS Database मा तपसिलका ८ विवरणहरु प्रविष्ट नभएसम्म उद्यमी सिर्जना भएको नदेखिने हुंदा विशेष ध्यान दिनुपर्नेछ । १) समूह निर्माण, २) TOPE तालिम, ३) TOSE तालिम, ४) व्यबसायिक योजना, ५) प्राविधिक सीप



अधिकृत

विकास तालिम वा व्यबसाय व्यबस्थापन परामर्श, ६) बजार सर्भेक्षण, ७) ऋण लगानी वा स्वलगानी र ८) उद्यमको नाम

ण) छनौट भएका व्यवसाय सेवा प्रदायक संस्थाले सम्झौता गर्नु पूर्व सम्झौताको लागि कबुल गरेको रकमको २.५ प्रतिशत धरौटी वा बैक जमानत को कागजात पेश गर्नु पर्ने छ ।

त) व्यबसाय विकास सेवा प्रदायक सस्थाले कार्यक्रम सम्झौता गर्नु पूर्व सम्बन्धित स्थानिय तहबाट कार्यक्रम सन्चालनको लागि सिफारिस लिनु पर्ने छ ।

### ४.२ उद्यमीको व्यबसाय स्तरोन्नती तर्फ :-

मेडेप र मेडपाबाट विगत ३ बर्षभित्र प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी :

क) स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने,

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुर्नताजगी, सीप विकास तालिम सन्चालन गर्ने,

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई कार्यक्रमको तर्फबाट बढीमा ८० प्रतिशत र उद्यमीको तर्फबाट कम्तिमा २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, वजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

(ङ) स्तरोन्नतिको लागि गरिएका सम्पूर्ण कृयाकलापहरुको तथ्यांक तथा गत ३ बर्ष भित्र मेडेप तथा मेडपा अन्तर्गत प्रबर्द्धन गरिएका लघु उद्यमीको तथ्यांक विवरण GESIMIS database software मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिबेदन कार्यालयमा पेश गर्ने ।

(च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा स्थानीय तह र कार्यालयसंगसमन्वय गरी गर्नुपर्ने छ । संस्थाले कार्यालयमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिबेदन लगायतको विवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

नोट :उद्यमीहरुको स्तरोन्नतिका लागि लैङ्गिक तथा सामाजिक समावसीकरणको प्रतिशत नयाँ उद्यमी सिर्जनाका लागि तोकिएको प्रतिशतलाई नै आधार लिनुपर्नेछ ।

### ४.३ खर्चको सार्वजनिक सुनवाई :

व्यबसाय विकास सेवा प्रदायक संस्थाले गरेका हरेक कृयाकलापको साबर्जनिक सुनवाई गरेको प्रतिबेदन अनिवार्यरुपमा उद्योग विकास शाखामा पेश गर्नुपर्ने छ ।

## ५. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्यांकनका आधारहरु :

### ५.१. व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यता :

**क) संस्थाले प्रस्ताब गरेको जनशक्तिको शैक्षिक योग्यता तथा अनुभव**

**क) कार्यक्रम संयोजक** : १ जना

१.आबश्यक न्युनतम योग्यता:स्नातक वा सो सरह

२.अनुभव: लघु उद्यम विकास कार्यक्रम संचालन, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण लगायतका मेडपा मोडल संचालनमा अनुभव प्राप्त गरेको तथा कम्तिमा १० दिनको SIYB-ToT लिएको र स्नातकोत्तर शैक्षिक योग्यता भएकोलाई प्राथमिकता दिइने छ ।

**ख).उद्यम विकास सहजकर्ता:** : ६ जना

**आबश्यक न्युनतम योग्यता:**

१.उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट सिप परीक्षणमा तह २ वा ३ उत्तीर्ण गरेका वा

शाखा अधिकृत

२.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि १५ वा १८ महिने प्राविधिक एस.एल.सी. कोर्ष उत्तीर्ण गरेका ।

- मेडेप/मेडपा मोडेलमा कार्य अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइने ।

**ग) कम्प्यूटर अपरेटर :१ जना**

१)आबश्यक न्युनतम योग्यता:. प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी ६ महिनाको कम्प्यूटर तालिम लिएको वा कम्प्यूटर बिषय लिई प्रमाण पत्र वा सो सरह उतीर्ण गरेको ।

२)मेडेप वा मेडपामा तथ्याङ्क सहायक भईकार्य अनुभव भएकालाई प्राथमिकता दिईने छ ।

**घ) लेखा तथा प्रशासन सहायक: १ जना**

१) आबश्यक न्युनतम योग्यता: व्यबस्थापनमा प्रमाणपत्र उत्तीर्ण ।

२) लेखा सम्बन्धी अनुभवीलाई प्राथमिकता दिईने छ ।

**ङ ) अन्य कर्मचारी : १जना**

१)आवश्यक न्यूनतम योग्यता एस. एल. सी. वा सो सरह उर्त्तीण

नोट :

१) तोकिएका जनशक्ति उल्लेख नगरेका प्रस्तावहरु मान्य हुने छैनन् ।

२) प्रस्तावित कर्मचारीहरुको नियूक्ति, निजहरुले सेवा प्रदायक संस्थासंग काम गर्न गरेको प्रतिबद्धता निजको शैक्षिक योग्यता र तालिमको प्रमाण पत्रको प्रतिलिपि नोटरी पब्लिकद्धारा प्रमाणित हुनु पर्नेछ । उल्लेखित कर्मचारीहरुको कार्य अनुभवको लागि जुन संस्थामा काम गर्ने हो सोही संस्थाले दिएको कार्यअनुभवको शिफारिसलाई मान्यता दिइने छैन ।

**६. प्रस्तावको ढाँचा :**

प्रस्ताबको ढाँचा सम्बन्धित कार्यालय वा बेवसाइट www// moitfe.p5.gpv.np बाट प्राप्त गर्न सकिने छ ।

**७. प्रस्ताव पेश गर्ने तरीका :**

प्रस्ताव पेश गर्न आव्हान गरिए वमोजिम प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा सीलवन्दी गरी खाम वाहिर नाम ठेगाना उल्लेख गरी कुन जिल्लाको लागि पेश गरिएको हो सो समेत खुलाई पेश गर्नु पर्ने छ ।

**८. जनशक्ति परिचालन :**

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरीएका जनशक्ति नै कार्यक्रम कार्यान्वयनको क्रममा अनिवार्य रुपमा परिचालन गर्नु पर्ने छ । काबु भन्दा बाहिरको परिस्थितिमा जनशक्ति परिवर्तन गर्नु परेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकिएको शैक्षिक योग्यता तथा कार्य अनुभव) जनशक्ति परिचालन गर्न सकिने छ ।

एउटै जनशक्ति दुई वा दुई भन्दा बढी संस्थाले प्रस्ताब गर्न पाइने छैन यदि एउटै जनशक्ति २ वा २ भन्दा बढी संस्थाले पेश गरेको पाइएमा सम्बन्धित जनशक्तिलाई कुन सस्थामा निजले काम गर्न चाहेको हो भनी पत्र वा इमेलबाट जानकारी लिइने छ। सम्बन्धित कर्मचारीले जुन संस्थामा काम गर्न मन्जुरी दिन्छ सो सस्थाबाहेक अन्य संस्थामा त्यस्तो दोहरिएको जनशक्तिको मूल्याङ्कन गरिने छैन ।

पुनश्च: जिल्लामा अन्तिम छनौटका वखत छनौटमा नपरेका व्यवसाय विकास सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न गराउन सकिने छ ।

**९. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

मूल्यांकन गर्दा खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताब गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिने छ । प्राबिधिक र आर्थिक प्रस्तावको कुल अंकमा सवै भन्दा वढि अंक ल्याउने प्रस्तावलाई छनौट गरिने छ र दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमश: बैकल्पिक सूचीमा राखिने छ । छ वा छ भन्दा वढि स्थानीय तहहरु भएको जिल्लाको हकमा पहिलो र दोस्रो अंक ल्याउने प्रस्तावलाई पहिलो र दोस्रो प्राथमिकतामा राखिने छ । तेस्रो र चौथौ स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमश: बैकल्पिक सूचीमा राखिने छ ।

शाखा अधिकृत

१०. विविध :

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित), गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका (संशोधन सहित) र अन्य प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

**११. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेखित उद्धेश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशय पत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष पुरा गरी लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्ने छ ।

ख) संस्था विधिवत दर्ता भई नवीकरण भएको हुनुपर्नेछ ।

ग) कार्यादेशमा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

घ) नेपाल सरकारको नियमानुसार मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनपर्नेछ ।

ङ) आ.ब २०७४।०७५ को कर चुक्ता भएको हुनु पर्नेछ ।

च) सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नुपर्नेछ ।

छ) तोकिएको ढाँचामा प्राबिधिक प्रस्ताब

ज) तोकिएको ढाँचामा आर्थिक प्रस्ताब

झ) तोकिएको ढाँचामा आर्थिक प्रस्ताब

माथि (ज) र (झ) मा उल्लेखित दुवै प्रस्ताब छुट्टाछुट्टै खाममा सिलबन्दी गरी प्रस्तावकको नाम ठेगाना र प्रस्ताब गरीएको जिल्ला उल्लेख गरिएको हुनु पर्नेछ ।

ञ) आशयपत्र मूल्याङ्कनबाट छनौट भई सार्बजनिक सूचनामा उल्लेख भएका संस्थाहरु बाहेक अन्य संस्थाहरुको प्राबिधिक र आर्थिक प्रस्ताब मान्य हुने छैन ।

नोट : संस्था तथा जनशक्तिको कार्य अनुभव, शैक्षिक योग्यताको प्रमाण अनिबार्यरुपमा पेश गर्नु पर्नेछ । जुन संस्थाले काम लगाउने हो सोही संस्थाले प्रमाणित गरेको कार्य अनुभब मान्य हुने छैन ।

**१२.व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु छनौट तथा मूल्यांकनका आधार देहाय अनुसार हुनेछ ।**

क) प्रस्तावित जनशक्ति :- माग गरिए बमोजिमको संख्या, शैक्षिक योग्यता, कार्य अनुभब ।

ख) प्राबिधिक प्रस्ताब

ग ) कार्ययोजना

घ) आर्थिक प्रस्ताब :- प्राबिधिक प्रस्ताबमा उतिर्ण नभएका प्रस्तावकको आर्थिक प्रस्ताव मूल्याङ्कन गरिने छैन ।

शाखा अधिकृत

अनुसूची २

दफा १२(१) सँग सम्बन्धित

# प्राविधिक प्रस्ताव फारम

| क. सं. | विषयवस्तु (Content) |
|---|---|
| १ | परियोजनाको शीर्षक:<br><br>छोटो रूपमा उल्लेख गर्नुहोस् (के, किन र कहिले गरिने छ ?) |
| | **क. प्राविधिक प्रस्ताव** |
| २ | **भूमिका र पुष्ट्याईं**<br>२.१ यो परियोजना यहाँको कार्यक्षेत्र - जिल्ला, स्थानीय तह, ग्रामीण बजारकेन्द्रमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारहरू वा पुष्ट्याईंका आधारहरू के-के हुन् ?<br>२.३ हाल के के लघुउद्यम व्यवसायहरू सञ्चालित छन् र जिल्ला, गाविस र बजार क्षेत्रमा सम्भाव्य उद्यमहरू (श्रोतको उपलब्धता, लक्षित समुदायको चाहना वा रुची, बजारको माग) को अवस्था कस्तो छ ?<br>२.४ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरू के-के छन् ?<br>२.५ यो परियोजनाका लागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा) क-कस्को सहभागिता रह्यो ? लक्षित समुदाय (विशेषगरी महिला, विपन्न समुदायका सदस्यहरूलाई लघुउद्यमीका रूपमा विकास गर्नका लागि) को विचार के थियो ? |
| ३ | परियोजनाको उद्देश्यहरू (२.५ SMART सूचकहरू) निर्दिष्ट (specific), मापनयोग्य (measurable), प्राप्त गर्न सकिने (achievable), सान्दर्भिक (relevant), समयसीमा (time-bound) अति गरिब र समावेशी लघुउद्यम विकासका लागि उद्देश्यहरू)<br>.... परियोजना के उपलब्धि गर्न चाहन्छ ? |
| ४ | लक्षित समूहहरू र उपभोक्ताहरू (beneficiaries) (..................वर्षमा)<br>जिल्ला : ................................................................ |

| ग्रामीण बजार केन्द्र | स्थानीय तह | लघुउद्यमी समूह संख्या | सहकारीको संख्या | लघुउद्यमी समूह सङ्घको संख्या | श्रृजना गरिएको नयाँ उद्यमीहरूको संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

| ग्रामीण बजार केन्द्र | स्थानीय तह | सिर्जना गरिएको नयाँ उद्यमीहरूको संख्या (कमजोर आर्थिक अवस्थाबाट) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | दलित | आदिवासी जनजाति | युवा | अन्य पछिपरेका मधेशीहरू | मुस्लिम |
| | | | | | | | |
| | | | | | | | |

| क. सं. | विषयवस्तु (Content) |
|---|---|
| ५ | परियोजनाको अवधि<br>......... परियोजनाको सुरु र अन्तिम मिति |

शाखा अधिकृत

| | |
|---|---|
| ६ | परियोजनाको तार्किक ढाँचा (Project Logical Framework) |

| सारांश | संख्यात्मक उद्देश्यमूलक रूपमा पुष्ट्याईंयोग्य सूचकहरू (Objectively verifiable indicators – OVIs) | गुणात्मक रूपमा जाँच गर्न सकिने सूचकहरू (QVIs) | पुष्ट्याईंका आधारहरू | जोखिमहरू र पूर्वानुमानहरू |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उद्देश्य (Purpose) | | | | |
| उपलब्धिहरू (Outputs) मेडेपा मोडेलका प्रत्येक सम्भागका लागि) | | | | |
| क्रियाकलापहरू | Inputs | | | |

| | |
|---|---|
| ७ | परियोजनाअन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरू (गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमको अति गरिब र समावेशी लघुउद्यम विकास मोडेलका सबै सम्भागहरू अवलम्बन गरेर) |

| प्रत्येक उपलब्धि (Output) का लागि मुख्य क्रियाकलापहरू | समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने) | विधिहरू/तहहरू (कसरी कार्यान्वयन गर्ने) | सहयोगी संस्थाहरू |
|---|---|---|---|
| | | | |
| | | | |

८ कार्यान्वयनको अवधारणा (approach)

८.१ परियोजनाका उपलब्धि (output) र परिणाम (outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

८.२ यो परियोजनाका कारण वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असरहरूबाट बच्न कसरी निश्चिन्त हुन सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरू अवलम्बन गर्न सकिन्छ ?

८.३ परियोजनाका सम्पूर्ण लक्ष्य (माथि उल्लिखित) अनुसारका क्रियाकलापहरूमा (मेडेप मोडेलका सम्पूर्ण सम्भागहरू), लघुउद्यमी समूह, लघुउद्यमी समूह सङ्घ र जिल्ला लघुउद्यमी समूह सङ्घका निर्णायक तहहरूमा महिला र बाहिर पारिएकाहरूले नेतृत्वगर्ने उद्यम व्यवसायहरूमा लैङ्गिक तथा सामाजिक समाबेशीकरणलाई कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.४ लघुउद्यमहरू स्थापना र विकासका लागि उद्यमीहरूको ऋणमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.५ मूल्यश्रृङ्खला पद्धति कसरी अवलम्बन गर्नुहुन्छ ?

८.६ उद्यमीहरू बिशेषगरी अशिक्षित महिला विपन्न समुदायमा उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.७ उद्यमीहरूको उपयुक्त प्रविधिमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.८ स्वस्थ र गुणस्तरयुक्त वस्तु उत्पादन, उत्पादित बस्तुको बजार सञ्जाल, वस्तु विकास (products development) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.९ गुणस्तरयुक्त सेवा प्रवाह (जस्तै तालिम, साझा सुविधा केन्द्र, ...) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

*८.१० कार्यादेशमा उल्लेखित जिम्बेवारी कसरी पुरा गर्नु हुन्छ ?*

*८.११ कार्ययोजना*

९ अन्य सरोकारवालाहरूसँग सहकार्य तथा साझेदारी

- जिल्ला लघुउद्यमी समूह सङ्घहरूसित कसरी र के का लागि ?
- विषयगत निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- निजी क्षेत्रसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- अन्य सरोकारवाला निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)

१० **अनुगमन तथा मूल्याङ्कन**

१०.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?

१०.२ परियोजनाका गतिविधिहरूको उपलब्धि र परिणामहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.३ लघुउद्यमी समूह र लघुउद्यमीको तहमा प्रगति र सिकाइहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.४ प्रत्येक क्रियाकलाप/गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

१०.५ नियमित कार्य सम्पादन प्रतिवेदन कसरी तयार गर्नुहुन्छ र आगामी योजना तर्जुमा र नीतिगत प्रभाव पार्न यसलाई कसरी उपयोग गर्न सकिन्छ ?

११ मेडपाबाट प्राप्त आवश्यक गैरवित्तीय सहयोग (non-financial support)

- यो परियोजनाको कार्यान्वयनका लागि कस्तो प्राविधिक वा क्षमता विकासको सहयोग आवश्यक छ ?



शाखा अधिकृत

अनुसुची ३
दफा १२ को १ संग सम्बन्धित

# आर्थिक प्रस्ताव

| प्रस्तावित क्रियाकलापहरु | समयसीमा ( २०........) | | इकाई (सख्या, पटक, जना आदी ) | दर | १. (रु.) लक्ष्य (..... जना उद्यमी सृजनाको लागि ) | २. स्थानीय सरकारको बजेटबाट (रु.)(....जना उद्यमी सृजनाको लागि ) | ३. स्तर उन्नतीको लागी (रु.) (..... जना | ४. आवेदक संस्थाको योगदान (रु.) | जम्मा रु. (१+२+३+४) |
|---|---|---|---|---|---|---|---|---|---|
| | .... देखि | ..... सम्म | | | | | | | |
| उपलब्धि (output) 1<br>: **सामाजिक परिचालन**<br>● श्रोत संभाव्यता अध्ययन<br>● कार्यक्रम अभिमुखिकरण<br>● उद्यम विकास समिति गठन/ बैठक सन्चालन सहजिकरण | | | | | | | | | |
| क्रियाकलाप १.१ | | | | | | | | | |
| क्रियाकलाप १.२ | | | | | | | | | |
| उपजम्मा (Subtotal | | | | | | | | | |
| उपलब्धि (output) 2<br>**:उद्यमशिलता विकास तालिम** | | | | | | | | | |
| क्रियाकलाप २.१ | | | | | | | | | |
| क्रियाकलाप २.२ | | | | | | | | | |
| उपजम्मा | | | | | | | | | |
| उपलब्धि (output) 3<br>**:प्राविधीक सीप विकास तालिम** | | | | | | | | | |
| क्रियाकलाप ३.१ ( छोटो अवधि) | | | | | | | | | |
| क्रियाकलाप ३.२ (मध्यम अवधि) | | | | | | | | | |
| क्रियाकलाप ३.३ (लामो अवधि) | | | | | | | | | |
| उपलब्धि (output) 4<br>**:लघु कर्जामा पहुँच** | | | | | | | | | |
| क्रियाकलाप ४.१ | | | | | | | | | |
| क्रियाकलाप ४.२ | | | | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | | | | |
| उपलब्धि (output) 5<br>**:उपयुक्त प्रविधी हस्तान्तरण तथा सम्वन्ध विकासमा सहजीकरण** | | | | | | | | | |
| क्रियाकलाप ५.१ | | | | | | | | | |
| क्रियाकलाप ५.२ | | | | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | | | | |
| उपलब्धि (output) 6<br>**:वजारीकरण तथा परामर्श सेवा** | | | | | | | | | |
| क्रियाकलाप ६.१ | | | | | | | | | |



शाखा अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रियाकलाप ६.२ | | | | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | | | | |
| जनशक्ति व्यवस्थापन लागत | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| उपलब्धि (output) 7 : स्तरोन्नती लागत | | | | | | | | | |
| क्रियाकलाप७.१ | | | | | | | | | |
| क्रियाकलाप ७.२ | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| अन्य | | | | | | | | | |
| शीर्षभार (overhead) | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |
| मूल्यअभिवृद्धि कर | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | |

नोट :

१. आर्थिक प्रस्तावको अनुसूची ३ मा उल्लेख भएका सबै उपलब्धि (output) मा बजेट प्रस्ताव नगरिएको आर्थिक प्रस्तावको मूल्याङ्कन हुने छैन ।

शाखा अधिकृत